प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

प्रथम पटक प्रकाशित मितिः २०७७।०६।२४

भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका निकायहरुमा रहेको रिक्त दरबन्दीको प्राविधिक पदमा पदपूर्ति नभएसम्मका लागि "सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धि कार्यविधि २०७६(पहिलो संशोधन)" बमोजिम तपशिल बमोजिमका सेवा समूहका पदमा खुला प्रतिस्पर्धा विधि (शैक्षिक योग्यता, अनुभव र अन्तर्वार्ता) बाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हानका लागि सूचना प्रकाशित गरिएको छ।

तपशिलः

नेपाल ईन्जिनियरिङ्ग सेवा

| सि. नं. | सूचना/वि.नं. | किसिम | पद | तह | सेवा/समूह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७७-७८ | प्राविधिक | मे.ई. | सातौं | इन्जि/मेका | ३ | मेकानिकल ई. वा सो सरहको विषयमा स्नातक तह |
| २ | २/०७७-७८ | प्राविधिक | हा.जि. | सातौं | इन्जि/हा.जि. | १ | जियोलोजी विषयमा स्नातकोत्तर तह |
| ३. | ३/०७७-७८ | प्राविधिक | इन्जिनियर | सातौं | इन्जि/सिभिल | ५ | सिभिल ई. वा सो सरहको विषयमा स्नातक तह |
| ४ | ४/०७७-७८ | प्राविधिक | सबइन्जिनियर | पाँचौं | इन्जि/सिभिल | २४ | सिभिल ई. वा सो सरहको विषयमा प्रमाणपत्र तह |
| ५ | ५/०७७-७८ | प्राविधिक | मे.सु. | पाँचौं | इन्जि/मेका | ७ | मेकानिकल ई. वा सो सरहको विषयमा प्रमाणपत्र तह |
| ६ | ६/०७७-७८ | प्राविधिक | ल्या.टे. | पाँचौं | इन्जि/सिभिल | ३ | सिभिल ई. वा सो सरहको विषयमा प्रमाणपत्र तह |
| ७ | ७/०७७-७८ | प्राविधिक | ल्या.अ. | चौंथो | इन्जि/सिभिल | ९ | एस.एल.सी. उत्तिर्ण गरी ल्या.अ. को तालिम लिएको |

नोटः

१. दरखास्त फारामः यस मन्त्रालयको वेभसाईट mopid.gandaki.gov.np मा दिइएको लिंकबाट अनलाईन फाराम भर्नु पर्नेछ।

२. दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो सहितको बायोडाटा, एस.एल.सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु र सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभवको प्रमाण पत्र पेश गर्नु पर्नेछ।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिको किनारमा दरखास्तवालाले आफै प्रमाणित गरि पेश गर्नु पर्नेछ।

ग. दरखास्त दिने अन्तिम दिनभित्र निर्धारित शैक्षिक योग्यताको प्रमाणपत्र हाँसिल गरिसकेको हुनुपर्ने छ। समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो खुल्ने कागजपत्र समेत पेश गर्नुपर्नेछ। रित नपुगेको र शर्त सहितको आवेदन दर्ता गरिने छैन।

३. काम गर्नुपर्ने स्थानः गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय वा अन्तरगतका कार्यालयहरुमा वा मन्त्रालयले तोकेका अन्यत्र मन्त्रालयबाट खटाइएका निकायहरुमा रित्त रहेका स्थानहरु।

४. दरखास्त दस्तुरः अधिकृत सातौं तहको विज्ञापनका लागि रु १०००।- र सहायक पाँचौ तहको लागि रु ५००।- दस्तुर बुझाउनु पर्नेछ। दरखास्त दस्तुर बुझाएको सक्कले भौचर आवेदन फारमसाथ स्क्यान गरि अपलोड गर्नु पर्नेछ।

क. बैक खाता नं.- क-१-१-१-०-१ ख. कार्यालयको कोड नं.- ३३७००३९०१४

ग. कार्यालयको नामः भौतिक पूर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश ग. राजश्व शिर्षक नं.- १४२२४ (परिक्षा शुल्क)

घ. एकल कोष भएको बैकको नामः राष्ट्रिय बाणिज्य बैंक, पोखरा।

५. उम्मेदवार हुनको लागि योग्यताः

क. नेपाली नागरिक हुनुपर्नेछ।

ख. सातौं तहका लागि २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

ग. चौंथो र पाँचौ तहका लागि १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

घ. भ्रष्टाचार तथा फौजदारी अभियोग संम्बन्धि मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।

ङ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ।

६. पदमा रही गर्नु पर्ने कामको विवरणः सम्बन्धित सेवा समूहका सम्बन्धित पदको कार्यविवरणमा उल्लेख भएको कार्यहरु गर्नुपर्नेछ।

७. परिक्षाको किसिमः संक्षिप्त सूचि प्रकाशन र अन्तर्वार्ता (कार्यविधिका आधारमा संक्षिप्त सूचिमा प्रकाशित गरिनेछ। संक्षिप्त सूचिमा प्रकाशन भएका उमेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गरिनेछ। विस्तृत जाकारीको लागि "सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धि कार्यविधि २०७६(पहिलो संशोधन)" मन्त्रालयको वेभसाइटमा हेर्न सकिनेछ।)

८. तलब तथा सेवा सुविधाः प्रदेश सरकारले तोके बमोजिमको सम्बन्धित सेवा समूहको पदले खाईपाई आएको तलबको शुरु स्केल हुनेछ।

९. दरखास्त दिने अन्तिम मितिः <u>२०७७।०७।०५ गते बुधबार</u> कार्यालय समयभित्र उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म हुनेछ।

१०. माथि उल्लेखित पदहरु मध्ये सिभिल इन्जिनियर, अधिकृतस्तर सातौं -१ र सव-इन्जिनियर, सहायकस्तर पाँचौं -२ उद्योग, वन तथा वातावरण मन्त्रालय र सव-इन्जिनियर, सहायकस्तर पाँचौं -१ ताल संरक्षण तथा विकास प्राधिकरणमा सिफारिस गरि पठाइने।

११. अन्य कुनै विषयमा थप जानकारी आवश्यक भएमा प्रशासन शाखाको फोन नं ०६१-५९०१९७, ९८५६०३९७६७ मा सम्पर्क राख्न सकिनेछ।

पदपूर्ति समिति

श्री IT शाखा
वेबसाइट तथा facebook
page मा upload गर्नुहोस

दर्ता नं ८६०२
दर्ता मिति २०७७।०६।२५